Rajdhani Patrika
Shrawan - 6th 2007

# फिलिपिन्समा एमबीबीएसको ढोका खुला

## तीन सय नेपाली विद्यार्थीले भर्ना पाउने

**राजधानी समाचारदाता**
काठमाडौं, ६ साउन

फिलिपिन्स सरकारले नेपाली विद्यार्थीलाई एमवीवीएस अध्ययनको ढोका खुल्ला गरेको छ ।

फिलिपिन्सको उच्च शिक्षा आयोग (सीएचइडी) ले त्यहाँका सातवटा मेडिकल कजेलमा नेपाली विद्यार्थीले अध्ययन गर्न पाउने व्यवस्था गरेको हो ।

आयोगले सोही प्रयोजनको लागि द हेल्थकेयर म्यानेजमेन्ट इन्टरनेसनल (एचसीएमआई), सिंगापुरलाई नेपालको लागि आफ्नो अधिकृत प्रतिनिधि तोकेको छ ।

एचसीएमआईका प्रवन्ध निर्देशक वालजित सिंहले करिव ३ सय नेपाली विद्यार्थीले यही शैक्षिक वर्ष फिलिपिन्समा भर्ना पाउने राजधानीमा आइतवार आयोजित पत्रकार सम्मेलनमा वताए ।

उनका अनुसार नेपाली विद्यार्थीले अध्ययन गर्न पाउने फिलिपिन्सका शैक्षिक संस्थाहरूमा युनिभर्सिटी अफ नर्दन फिलिपिन्स, डाभाओ मेडिकल स्कुल फाउन्डेसन, कागायान स्टेट युनिभर्सिटी, आवर लेडी अफ फतिमा युनिभर्सिटी, इमिलिओ अगुइनाल्डो कलेज, युनिभर्सिटी अफ इष्ट रामोन म्यागासेसे र तारलाक स्टेट युनिभर्सिटी छन् ।

वंगलादेश र भारतका विद्यार्थीलाई ढोका खुल्ला गरेपछि नेपालवाट व्यापक सोधपुछ भएको र नेपालमा समेत कार्यालय खोलेको र ती विश्वविद्यायलहरूले नेपाल मेडिकल काउन्सिलमा आवद्ध भएको पनि उनले जानकारी दिए ।

प्लस टुमा अंग्रेजी, वायोलोजी, फिजिक्स र केमेष्ट्रीमा कम्तीमा औसत ५० प्रतिशत अंक ल्याएका विद्यार्थीले फिलिपिन्समा मेडिकल साइन्स अध्ययन गर्न पाउनेछन् ।

फिलिपिन्समा एमवीवीएस कोर्षलाई प्रि-क्लिनिकल, पारा-क्लिनिकल र क्लिनिकल गरी तीन चरणमा विभाजन गरिएको छ । तेस्रो चरणको कार्यक्रममा क्लिनिकल पोस्टिङ र सामुदायिक स्वास्थ्यसमेत समावेश भएको वताइएको छ ।

ती शैक्षिक संस्थाहरूको प्रि-क्लिनिकल चरणमा एनाटोमी, वायोकेमेस्ट्री र फिजियोलोजीको अध्यापन हुनेछ भने पारा क्लिनिकल चरणमा कम्युनिटी मेडिसिन, फोरेन्सिक मेडिसिन, प्याथोलोजी, फर्माकोलोजी, माइक्रोवायोलोजी तथा वार्ड र ओपिडीको क्लिनिकल पोस्टिङको पढाइ हुन्छ ।

त्यसैगरी, क्लिनिकल चरणको कार्यक्रममा स्त्रीरोग तथा प्रसूती, वालरोग, सर्जरी, एनेस्थेसियोलोजी, नाक, कान, घाँटी, आँखा, हाडजोर्नी, मनोस्वास्थ्य र चर्मरोगका विषयहरू छन् ।

विश्व स्वास्थ्य संगठन र अमेरिकाको इसिएफएमजीवाट मान्यता प्राप्त तथा टाइटल आइभी कार्यक्रम सञ्चालन गर्ने अमेरिकी शिक्षा विभागद्वारा स्वीकृत यस कार्यक्रमअन्तर्गत विद्यार्थीले अमेरिका र वेलायतमा समेत अभ्यास गर्न पाउने पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

फिलिपिन्समा शिक्षा हासिल गरेका चिकित्सकहरू संसारका विख्यात अस्पतालमा कार्यरत रहेको पनि सिंहले दावी गरे ।